नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## जुम्ला

फोन.नं :०८७-५२००१२
फोन.नं :-०८७-५२०११२
E-daojumla@gmail.com

मिति : २०७८/०८/१६

प.सं. २०७८/७९

**सूचना !** **सूचना !!** **सूचना !!!**

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखा सूचना अनुसार कर्णाली प्रदेशका हिमाली भू-भागका धेरै स्थानहरूमा चिसो बढ्ने तथा मध्यमदेखि भारी हिमपातको सम्भावना रहेको हुदाँ हिमपातको कारणबाट दैनिक जनजीवन, सडक तथा हवाई/यातायात लगायतका क्षेत्रमा समेत असर पर्न सक्ने देखिएकोले तपसिलका विषयमा ध्यान दिई आवश्यक सुरक्षा एवं सतर्कता अपनाउनु हुन सर्वसाधारण सबैमा अनुरोध गरिन्छ ।

**तपसिल:**

१. हिमपात तथा चिसोको समयमा अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कनु हुन।

२. घरभित्र बस्दा तथा बाहिर निस्कदा शरीर ढाक्ने गरी तातो न्यानो कपडा लगाउनु हुन ।

३. वृद्ध वृद्धा, बालबालिका, दीर्घ रोगी, गर्भवति महिलाको उचित स्याहार सुसार तथा संरक्षण गर्नु हुन ।

४. हिउँ तथा चिसोबाट बच्न परम्परादेखि चलिआएको स्थानीय परिवेश अनुसारका तातो, पोषिलो तथा झोलिलो खानपान तथा जीवनशैलीलाई निरन्तरता दिनु हुन ।

५. घर पालुवा पशुपन्छीको हेरचाह तथा संरक्षण गर्नु हुन ।

६. घर तथा बन्द कोठाभित्र आगोबाल्दा धुवा पास हुने व्यवस्था गर्नु हुन ।

७. विद्युतीय सामाग्री प्रयोग गर्दा हुन सक्ने आगजनीजन्य घटनाबाट सचेत हुनु हुन ।

८. सडक तथा बाटोमा पानी तथा हिउँ जमी चिप्लन सक्ने हुदा सावधानी पुर्वक सवारी साधन चलाउनु हुन ।

९. कोही असहाय, बेवारिस, न्यानो कपडाको अभाव भएको व्यक्ति भेटिएमा स्थानीय तह, जिल्ला प्रहरी कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गराई दिनु हुन ।

१०. आमसंचार माध्यमबाट मौसम तथा हिमपात सम्बन्धि जानकारी नियमित रूपमा लिई सुरक्षित हुनु हुन ।

**नोट:-** हिमपातको कारणबाट कुनै किसिमको विपद् जन्य घटनाको जानकारी भएमा तत्काल नजिकको प्रहरी चौकी , स्थानीय तह, आम संचार माध्यम, जिल्ला प्रहरी कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति मा जानकारी दिई सहयोग गरि दिन हुन अनुरोध छ ।

सम्पर्क नम्बर
जिल्ला आपतकालिन कार्य संचालन केन्द्र,जुम्ला गणेश शाही ९८६८९३२३४८
जिल्ला विपद् व्यवस्थापन समिति,जुम्ला ०८७-५२०१८३
जिल्ला प्रहरी कार्यालय,जुम्ला ०८७-५२००१३,५२०११३,९८५८३२०४१३